## जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०५/२९

प्रस्तावनाः व्यावसायिक केरा खेतीको माध्ययमबाट उत्पादन वृद्धि गर्न र उत्पादन लागत न्यूनीकरणमा टेवा पुऱ्याउन वान्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;

क. **"आवेदक"** भन्नाले जग्गा भाडामा लिई केरा खेती गर्न इच्छुक वा गर्दै आएका व्यावसायिक कृषक/ निजी फर्म/ कम्पनी/समूह/ सहकारीहरु सम्झनु पर्छ।

ख. **"कार्यक्रम"** भन्नाले जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रम सम्झनु पर्छ।

ग. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

घ. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

ङ. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

च. **"लाभग्राही"** भन्नाले कार्यक्रममा छनौट भएका आवेदकहरु सम्झनु पर्छ।

छ. **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समिति सम्झनु पर्छ ।

ज. **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

### परिच्छेद -२
### कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम सञ्चालनः यो कार्यक्रम बागमती प्रदेश भर लागू हुनेछ।

४. प्रस्ताव माग गर्नेः (१) निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद दिई अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिन तथा तेस्रो पटक ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

५. प्रस्ताव दर्ताः आवेदकले निवेदनका साथ सूचनामा उल्लेखित कागजात सहित अनुसूची -२ को फारम निर्देशनालय वा सम्बन्धित ज्ञान केन्द्रमा तोकिएको अवधिभित्र दर्ता गर्नुपर्नेछ।

६. मूल्याङ्कन समितिः (१) प्रस्तावहरुको मूल्याङ्कन गरी आवेदकहरु छनौट सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

क. कार्यालयको प्रमुख वा प्रमुखले तोकेको वरिष्ठतम अधिकृत -अध्यक्ष

ख. प्राविधिक अधिकृत -सदस्य

ग. प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

घ. बागवानी विकास अधिकृत/अधिकृत प्रतिनिधि, सम्बन्धित शाखा -सदस्य-सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सामितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. प्राप्त प्रस्तावहरुको अध्ययन गरी कार्यक्रममा समावेश हुन योग्य भए/नभएको एकीन गर्ने,

ख. आवेदकहरु छनौट गरी प्राथमिकताक्रम निर्धारण गरी स्वीकृतिका लागी निर्देशनालय समक्ष पेश गर्ने ।

७. सम्झौताः (१) निर्देशनालयले छनौट भएका योग्य लाभग्राहीलाई कम्तीमा १५ दिनको म्याद दिई सम्झौताको लागि जानकारी गराउनुपर्नेछ ।

(२) तोकिएको अवधिभित्र सम्झौता गर्न नआउने लाभग्राहीलाई जग्गा भाडा छुट रकम दिन कार्यालय बाध्य हुने छैन।

(३) आवेदकले सोहि क्रियाकलापमा दोहोरो सहयोग हुने गरी कुनै पनि निकाय, संघ संस्थाबाट सहयोग नलिएको र नलिने व्यहोरा सहितको अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ।

## परिच्छेद-३
## आर्थिक पक्ष

८. भुक्तानी प्रक्रियाः (१) निर्देशनालयले केन्द्रबाट स्वीकृत व्यावसायिक केरा खेती भएको क्षेत्रफल र निर्धारण गरिएको प्रति एकाई क्षेत्रफल अनुसारको जग्गा भाडा छुट रकम अनुसूची- ४ मा उल्लिखित मापदण्ड बमोजिम एकमुष्ट रुपमा सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानी दिनेछ।

(२) प्रति हेक्टर बढीमा रु. २०,०००/- सम्म भाडामा छुट रकम उपलब्ध गराइनेछ ।

(३) लाभग्राहीले भुक्तानी लिन केरा खेतीको बीमा गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद- ४

## विविध

९. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१०. **कारबाहीको व्यवस्था:** लाभग्राहीले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१२. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरु प्रचलित कानूनसंग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

## जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः

यस ................को आर्थिक वर्ष ..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडा छुट कार्यक्रम सञ्चालन गर्न ..................जिल्लामा जग्गा भाडामा लिई कम्तिमा १० कठ्ठा जग्गामा व्यावसायिक केरा खेती गर्दै आएका वा व्यासायिक केरा खेती गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी निवेदनका साथ देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN)/VAT दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. अनुसूची -२ बमोजिमको विवरण फारम,
४. कम्तिमा ३ वर्षको लागि केरा खेती गर्ने प्रयोजनका लागि जग्गा भाडामा लिएको सम्झौता पत्र र जग्गाधनीको लालपूर्जाको प्रतिलिपि वा लालपूर्जाको विवरण खुलेको कर तिरेको रसिद ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

## विवरण फारम

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नामः | |
| २ | आवदेकको नाम | |
| ३ | ठेगाना | |
| ४ | सम्पर्क व्यक्तिको नामः<br>मोवाइल नं. | |
| ५ | आवेदकको email address | |
| ६ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ७ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ८ | भ्याट /पान दर्ता नम्बर | |
| ९ | व्यावसायिक केरा खेतीको अनुभव (वर्ष) | |
| १० | व्यावसायिक केरा खेती सुरुवात गरेको क्षेत्रफल (विगाहा/कट्ठा) | |
| ११ | हालसम्म केरा खेती गरेको अधिकतम क्षेत्रफल (विगाहा/कट्ठा) | |
| ९ | जग्गा भाडामा लिई केरा खेती गरेको विवरण (हालको) | |

| क्र.सं. | जग्गाधनीको नाम | ठेगाना | कित्ता नम्बर | सम्झौता गरेको क्षेत्रफल (कट्ठा) | केरा लगाएको/लगाउने क्षेत्रफल (कट्ठा) | केराको जात | प्रति कट्ठा औसत विरूवा संख्या | जग्गा भाडा सम्झौताको म्याद सकिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त जिम्मेवार पदाधिकारीकोः

| | |
|---|---|
| नामः | पदः |
| हस्ताक्षरः | मितिः |
| मोबाईल नम्बरः | संस्थाको छाप |



डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## प्रतिबद्धता पत्र

निर्देशनालय, हेटौंडा/ज्ञान केन्द्र, ............को आ.व..........को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "जग्गा भाडा लिई व्यावसायिक केरा खेती गर्ने कृषकलाई जग्गा भाडामा छुट कार्यक्रम सञ्चालनको लागि...... ले सोही कार्यक्रमको लागि अन्य कुनै संघ संस्था/निकायबाट दोहोरो सहयोग प्राप्त नगरेको तथा चालू आ.व. मा सो कार्यको लागि दोहोरो हुने गरी अन्य कुनै निकायबाट अनुदान/प्रोत्साहन सहयोग लिने छैन। अन्यथा सम्पूर्ण सहयोग रकम फिर्ता गरी प्रचलित कानुन बमोजिम सजाय भोग्न सहमत भई यो प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दछु/छौं । साथै व्यावसायिक केरा खेती निरन्तर रुपमा गर्नका लागि प्रतिबद्ध छु/छौं।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची -४

**(दफा ८ सँग सम्बन्धित)**

**जग्गा भाडामा छुट उपलब्ध गराउने सम्बन्धी मापदण्ड र छुट रकम**

क. जग्गा भाडा छुटको लागि न्यूनतम १० कठ्ठा जग्गा भाडामा लिई व्यावसायिक खेती गरेको वा गर्न ईच्छुक भएको,

ख. कम्तिमा ३ वर्षको लागि जग्गा भाडा सम्झौता गरेको हुनुपर्ने,

ग. प्रति एकाई जग्गामा जात अनुसारको निर्धारित बोट संख्या लगाएको हुनुपर्ने,

घ. कसैको नाममा कित्ताकाट भएको तर लालपुर्जा नभएको जग्गाको हकमा उक्त जग्गाको कित्ता नम्बर, क्षेत्रफल र जग्गाधनीको विवरण खुलाई सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको पत्र हुनुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री